

# अध्याय -२

# परमेश्वरको येशू केन्द्रित महान् योजना

**यस अध्यायका मूल पदहरू: एफिसी १:३-१४; एफिसी २:६; एफिसी ३:१०; कलस्सी १:१३,१४; व्यवस्था ९:२९।**



**यस अध्यायको मूल सार पदः "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ।"एफिसी १:३।**

जुलाई २०, १९६९मा अमेरिकाको निल आर्मस्ट्रङ्ग चन्द्रमामा पाइला टेकेर हिँड्ने पहिलो मानव व्यक्ति हुन पुगेका थिए। त्यसको पच्चिस वर्षपछि चन्द्रमामा जान र हिँड्न विशेष स्पेस पोशाक सृजना गर्ने सृजनात्मक समूहलाई उनले धन्यवादको पत्र लेखेका थिए। अन्तरिक्षयानको इतिहासमा उनले लगाएको लुगा अत्यधिकमात्रामा फोटो खिचिएका थिए। उनले जिस्काउँदै जोहनसन स्पेस सेन्टरमा "इएमयु गाङ्ग" अर्थान् अन्तरिक्षको निम्ति पोशाक सिउने समूहलाई भने, "त्यस पोशाकभित्र त कुरुप व्यक्ति थियो। त्यो पोशाक सार्‍हो, भरपर्दो र न्यानो नै थियो किनभने यसले उनको ज्यानलाई सुरक्षित गरिराखे।" "शताब्दीको चारभागको एक भागको मोलको धन्यवाद र बधाईं" भनेर धन्यवादको पत्र उनले बुझाएका थिए।

पावलले एफिसीहरूलाई तेजस्वीमय धन्यवादको पत्र पठाउँछन्। उनले परमेश्वरलाई हृदयदेखिनै प्रशंसा र स्तुति चढाउँछन्, किनकि उहाँले विश्वासीहरूको जीवनमा अत्यावश्यक आशिषहरू खन्याउनुभएको थियो। ती आशिषहरूमा स्वर्गिय स्थान वा अन्तरिक्षमा हिँड्न पोशाक उहाँले उपलब्ध गराउनुभएको थियो, जसरी निल आर्मस्ट्रङ्गलाई चन्द्रमामा हिँड्न उपलब्ध गराइएको थियो। मानव जीवनको निम्ति अत्यावश्यक आशिषहरू जुटाउन पृथ्वीको जग बसाल्नुभन्दा अघिदेखि नै (एफिसी १:४) परमेश्वर सक्रिय हुनुभएको थियो भनेर उनले जिकिर गर्दछन्। युगौं युगसम्म उहाँका भक्तजनहरूको निम्ति काम गरिरहनुभएकोमा उनले परमेश्वरलाई धन्यवाद स्तुतिहरू व्यक्त गर्दछन्।

पावलको एफिसीहरूको पत्रको सुरुमा अत्यन्तै विशेष मूल्यवान तथ्यलाई कोरेका छन्। परमेश्वरले उपलब्ध गराउनुभएको धेरै आशिषहरूको निम्ति उहाँका आराधना कसरी गर्ने र उहाँको स्तुतिप्रशंसा कसरी गर्ने भन्ने नमुना त्यस पत्रको सुरुमा उल्लेख गरिएको छ।

## १. ख्रीष्टमा चुनिएको र ग्रहण गरिएको

कसैलाई धन्यवादको पत्र लेखिन्छ भने त्यसमा उपहार वा उपहारहरूको वर्णन गर्दै लेख्दछ। एफिसी १:३-१४मा पावलले उपहारको लामो सूची समावेश गर्दछन्, अनि सुसमाचारका आशिषहरूको निम्ति परमेश्वरलाई धन्यवाद चढाउँछन्।

ख्रीष्टमा पाएको प्रत्येक आत्मिकको निम्ति (एफिसी १:३) पावलले परमेश्वरलाई धन्यवाद दिन्छन्। आशिषहरू आत्मिक (ग्रीक भाषामा pneumatikos निमाटिकोस) हुन्। त्यो आत्मा (pneuma निमोना)बाट आएका हुन् भन्ने आभास् दिन्छ। पावलले लेखेको आशिषको अभिवादनको अन्तमा, विश्वासीहरूको जीवनमा पवित्र आत्माको कामप्रति (एफिसी १:१३,१४) सराहना र खुशीयाली व्यक्त गर्दछन्।

जब हामी ख्रीष्टमा हुन्छौं तब परमेश्वरले हामीलाई कुन दृष्टिकोणमा हेर्नुहुन्छ भन्ने विवरण प्रेरणादायी लवजमा एफिसी १:३-६मा उल्लेख गर्दछन्। पृथ्वीको सृष्टिभन्दा पहिले नै परमेश्वरले हामीलाई ख्रीष्टमा चुन्नुभएको थियो र उहाँको सम्मुख हामी पवित्र र निश्कलङ्क (एफिसी १:४, एफिसी ५:२७) भएर उभियोस् भन्ने उहाँको प्रतिवद्धता थियो भनेर पावलले लेख्दछन्। त्यतिमात्र

नभएर दुवै ख्रीष्टको सृष्टिले र मुक्तिको गुणहरूले गर्दा उहाँका ढुकुटीमा सजिएको हामी बहुमूल्य छोरा र छोरीहरू हुने अवसर पाएका छौं (एफिसी १:५)। सृष्टिमा घामको उदय भएर चम्किनुभन्दा पहिले नै हामी उहाँका प्रियहरू भएर स्वीकार (एफिसी १:६) गरिने परमेश्वरको रणनीति थियो। छोट्करीमा भन्ने हो भने, हामी मुक्ति पाऔं भन्ने परमेश्वरको अभिप्राय थियो। तर, यदि हामी मुक्ति गुमाउँछौं भने परमेश्वरको कारणले होइन हाम्रो आफ्नै पापी र दुष्ट निर्णयहरूले गर्दा गुमाउँछौं।

**नयाँ करारमा केवल एफिसीमामात्र प्रयोग गरिएको वाक्यांश "स्वर्गिय स्थानहरूक अर्थ के हो? यस वाक्यांशलाई किन र कसरी प्रयोग गरेका छन् सो देहायका पदहरूमा अध्ययन गर्नुहोस्। "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई *स्वर्गीय स्थानहरूमा* हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ।" एफिसी १:३; "जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि *स्वर्गीय स्थानहरूमा* आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो।" एफिसी १:२०; "उहाँसँग हामीलाई उठाउनुभयो, अनि *स्वर्गीय स्थानहरूमा* ख्रीष्ट येशूसँग बसाल्नुभयो। योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो।" एफिसी २:६-७; "सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान *स्वर्गीय स्थानहरूमा* शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। एफिसी ३:९-१२; " किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र *स्वर्गीय स्थानहरूमा* भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ।" एफिसी ६:१२-१३; यही सन्दर्भमा "स्वर्गहरूमा" भनेको पनि हेर्नुहोस्, "यसैकारण म पिताको सामने आफ्ना घुँड़ा टेक्तछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ।" एफिसी ३:१४-१५; "(अब यो**

**“उच्चमा चढ़िजानुभयो” भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्।" एफिसी ४:९-१०; "मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन।" एफिसी ६:९।**

एफिसीको पुस्तकमा "स्वर्गिय स्थानहरूमा" "स्वर्गहरूमा" वा "स्वर्गमा" भनेर प्रयोग गरेका वाक्यांशहरूले परमेश्वर रहनुहुने ठाउँलाई औँल्याउँछ (एफिसी १:३, ६:९), आत्मिक शक्तिहरू भएको ठाउँमा (एफिसी १:१०,२०,२१; एफिसी ३:१०,१५, ६:१२), र परमेश्वर पिताको दाहिनेहातमा (एफिसी १:२०) ख्रीष्टलाई उच्च पारेर राखिएको ठाउँ हो। ती स्वर्गिय स्थानहरूमा येशूका भक्तहरूको पहुँच छ, ती स्थानहरूमा जहाँ ख्रीष्टद्वारा आत्मिक आशिषहरू उपलब्ध गराइएको छ (एफिसी १:३, २:६)। ती स्थानहरू येशूभक्तहरूका निम्ति आशिषहरूको थलो भएतापनि ती स्थानहरू त्यसको थलो पनि भएको छ जहाँ दुष्ट वा सैतानका शक्तिहरूले ख्रीष्टका प्रभुत्वमाथि हवाला दिइरहेकाछन् (एफिसी ३:१०, ६:१२)।

**"उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर यस पृथ्वीको जग बसाल्नुभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।" भन्ने एफिसी १:४लाई ध्यान दिएर सोच्नुहोस्। त्यसको अर्थ के हो? यसमा परमेश्वरको प्रेम कसरी प्रकट भएको छ र हामीले मुक्ति पाएर जीवन बिताउनु भन्ने हामीप्रति उहाँको चाहनालाई कसरी खुलासा गरिएको छ?**

## २. अत्यन्त दामी र महँगो मुक्ति; अत्यधिक क्षमाले पोटिएको

पावलका श्रोतावर्गहरूको जीवनमा पापको अन्धकारले धाकिएको थियो। त्यसको शक्तिले तिनीहरूलाई माथ गरेको थियो। तिनीहरूको विगतजीवन मुर्दा जीवन बिताएर हिँडिरहेका थिए भनेर पावलले यसरी औँल्याउँछन्, "तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो।" एफिसी २:१। तिनी जीवितै थिए, दैनिक जीवन तिनीहरूको चलिरहेकै थियो तर तिनीहरू सैतान वा आकाश शक्तिको आदेश अनुसार हिँडिरहेका थिए, "तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। यिनैमा यस संसारको

रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।" एफिसी २:१-३। सैतानले तिनीहरूलाई आफ्नो जालमा राखेर तिनीहरू पापको दासत्वमा थिए। तिनीहरू आफ्नै शक्तिले सैतानको चङ्गुलबाट फुट्कन सक्दैनथे। तिनीहरूलाई उद्धार गर्नुपरेको थियो। ख्रीष्टमा भएको परमेश्वरको अनुग्रहको क्रियालापद्वारा तिनीहरूलाई सैतानको प्रभुत्वबाट उद्धार गरिएको थियो। विश्वासीहरूको जीवनमा परमेश्वरको अनुग्रहका दुई नयाँ आशिषहरू पाएको आनन्द मनाउँछन्: मुक्ति र क्षमा।

**"योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो।" एफिसी २:७-८। नयाँ करारमा "उद्धार" वा "मुक्ति" भन्ने अवधारणा बारम्बार प्रयोग गरिएको छ। यही धारणा देहायका पदहरूमा प्रयोग गरिएको छ। एफिसी १:७,८सँग ती पदहरूको समानाता के छ? हेर्नुहोस्, "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ।" कलस्सी १:१३-१४; "किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्यागन र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। र हाम्रो धन्यको आशा– हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं। ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो।" तीतस २:११-१४ र "यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ।" हिब्रू ९:१५।**

एफिसी १:७ मा उल्लेख गरिएको "उद्धार" भन्ने शब्द ग्रीक भाषामा *आपोलुट्रोसिस apolutrosis* हो। दासलाई किनेर छुटकारा दिन यो शब्द प्रयोग

गरिएको थियो। दासहरूलाई किनबेच गर्ने ठाउँमा तिनीहरूलाई सिक्रीले बाँधेर राखिएको हुन्थ्यो। तिनीहरूलाई लिलाम गर्ने ठाउँमा साहुहरूले चिच्याएको सुनिन्थ्यो। जब नयाँ करारले उद्धारको बारेमा चर्चा गर्छ, तब दासहरूलाई किनेर उद्धार गर्दा पर्ने मोलको बारेमा चर्चा गरिएको हुन्छ।

पापबाट हामीलाई स्वतन्त्र गर्न ठूलो मोल चुकाउनु परेको थियोः "उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं।" एफिसी १:७। उद्धार गर्ने अवधारणामा हाम्रो स्वतन्त्रताको निम्ति परमेश्वर उदार र अनुग्रही हुनुभएर उच्च मोल तिरी दिनुभएकोमा पावल आनन्दित भएको थियो। परमेश्वरले हामीलाई स्वतन्त्रता र मर्यादाको पुनर्स्थपना गर्नुहुन्छ। अब हामी कसैको पनि दास हुनुपर्दैन!

"स्वतन्त्र हुनु वा उद्धार पाउनुको अर्थ हामीलाई सम्मानसाथ मानिसको व्यवहार गर्नु हो। हामी कुनै बस्तु वा पशु जस्तो हुन पुग्दैनौं। यसको अर्थ, हामी स्वर्गको नागरिक हुनु हो, पृथ्वीको दास होइनौं।"-आलिस्ट इ. मकग्राथ, *ह्वाट वाज गड डुइङ्ग अन द क्रस?* ग्राण्ड रापिड, मिशसगनः जोन्डरभान, १९९२, पृ. ७८।

ध्यान दिएर यो अवधारणा सोच्नुहोस्ः परमेश्वरले हाम्रो दासको मोल सैतानलाई तिर्नु भनेको अनौठो अवधारणा हो। बाइबलकै हिसाबले त्यो मोल उसलाई तिर्नु आवश्यक थिएन। परमेश्वरले सैतानप्रति ऋणी छैन। परमेश्वरले उसलाई केही तिर्नु आवश्यक छैन।

"उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं।" एफिसी १:७। कलभरीका उपलब्धीहरूमा पापको क्षमा समावेश भएको छ। हाम्रो पापको मोल ख्रीष्टले क्रूसमा बोक्नुभएको थियो। त्यो बर्तमानकोमात्रै होइन विगको र भविष्यको पनि हो। "हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरूलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो। उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो।" कलस्सी २:१४-१५। ख्रीष्टद्वारा हामीलाई दिएको मुक्ति र क्षमाले परमेश्वर हाम्रो उदार पिता भएर काम गरिरहनुहुन्छ। "उहाँको अपार अनुग्रह हामीलाई प्रसस्तमात्रामा खन्याउनुभएको थियो" (एफिसी १:७,८)।

**खीष्टले तपाईंको निम्ति प्रायश्चित गरेर बलि हुनुभएकोले तपाईंले क्षमा प्राप्त गर्नुभएको छ र मुक्ति पाउनुभएको छ, त्यसको अर्थ तपाईंको निम्ति के छ? ती पाउन के तपाईं अयोग्य हुनुहुन्छ र? (परमेश्वरको अनुग्रह र क्षमा हामीले पाउन अयोग्य भएकै कारण येशू क्रूसमा मर्नुभएको थियो, ताकि उहाँलाई विश्वास गरेर योग्य बन्न सकौं)।**

## ३. खीष्ट केन्द्रित परमेश्वरको महान् योजना

**समय पूरा भएपछि उहाँले पूरा गर्नुभएको योजना कतिको फराकिलो छ? हेर्नुहोस्, "सम्पूर्ण बुद्धि र आन्तरिक समझमा खीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू खीष्टको अधीनमा आऊन्।" एफिसी १:९-१०।**

परमेश्वरको योजनाको बारेमा पावलले तीन तहमा कुरा गर्छन्। यो (१) "परमेश्वरका इच्छाको रहस्य" (२) "उहाँको उद्देश्य वा अभिप्राय" र (३) "समय पूरा भएपछिको योजना।" परमेश्वरका योजनाको अन्तिम चरण के हो त? प्रत्येक थोक, सबैतिरबाट येशूको अधिनमा राख्नु वा उहाँमा एकत्रित गर्नु।

योजनाको बारे जुन शब्द पावलले प्रयोग गर्दछन् त्यो सचित्र छ। (ग्रीक भाषामा त्यसलाई *आनाकेफालेइओसासथाइ anakehalaiosasthai हो)।* सबै थोक उहाँमा थुपार्नु हो। पौराणिक हिसाबको लेखामा सबै अङ्कहरू तल लेखिएको हुन्छ र त्यसको जम्मा माथि लेखिएको हुन्छ। परमेश्वरका अन्तिम हिसाबमा येशू शिर्षस्थानमा हुनुहुन्छ। यो मुक्तिको योजनाको अन्तिम लक्ष्य हो। खीष्ट-केन्द्रित योजना संसारको जग बसाल्नुभन्दा अघि कुँदिएको थियो (एफिसी १:४) र यति यो बिशाल र फराकिलो छ कि यसले सबै समयलाई ओगोटेको छ। ("समय पूरा भएपछि) र बिशाल ठाउँ (स्वर्ग र पृथ्वीमा रहेको सबै थोकहरू ओगट्ने)। जगतब्रम्हाण्डमा खीष्टका अधिनमा एकत्रित पार्ने परमेश्वरका महान् योजना हो भनेर पावलले घोषणा गर्दछन्।

"समय पूरा भएपछि हुने परमेश्वरको योजनाको" (एफिसी १:१०) बारेमा छलफलमा एउटा विषयबस्तु उनको पत्रमा उनीएको छ। परमेश्वरले सबै थोक एकत्रित पार्ने योजना सुरु गर्नुहुन्छ। त्यो योजना येशूको मृत्यु, पुनरुत्थान, स्वर्गारोहन र उनलाई उच्च स्थानमा आशिन गरिएको आधारमा छ

(एफिसी १:१५-२:१०)। चर्चको स्थापना गरेर र मानव जातिमा भिन्नताभएर टुक्रिएकोलाई एकसूत्रमा राख्ने त्यो योजना थियो। त्यसमा यहूदी वा यहूदी जातभन्दा अरू सबै जातजातिहरू समावेश भएको छ (एफिसी २:११-३-१३)।

यस योजनाभित्र रहेको चर्चले सैंतान र दुष्टहरूको शक्तिलाई यो हाँक दिन्छ कि तिनीहरूको विभाजित गरेर शासन गर्ने नीतिलाई अन्त्य गर्न परमेश्वरको योजना अघि बढिरहेको छ (एफिसी ३:१०)। बाइबलमा अन्त पनि उल्लेख गरिएको छः "यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" प्रकाश १२:१२।

पावलका पत्रको अन्तिम आधा भागमा विश्वासीहरू एक हुन तिब्र अनुरोध गर्दछन् (एफिसी ४:१-१६) र एकतालाई खलल गर्ने वा बिगार्ने कुनै पनि तत्वबाट अलग हुनु भनेर लामो अर्ती दिन्छन्, र चर्चका विश्वासीहरूमा एकात्मकता वा एकप्राणताको नीति निर्माण गर्द हार्दिक आह्वान गर्दछन् (एफिसी ४:१७-६-९)। चर्च भनेको एक भएको फौज हो, जसमा विश्वासीहरू ख्रीष्टको नाउँमा शान्तिको निम्ति अभियानमा सक्रिय भाग लिन्छन् भनेर हृदयविदारक आह्वान गर्दै पावलले आफ्नो पत्रलाई टुँग्याउँछन् (एफिसी ६:१०-२०)।

**येशू ख्रीष्टमा मुक्तिको योजना व्यापक र महान् छ भन्ने तथ्यलाई स्वीकारेर तपाईंले कस्तो अनुभव गर्नुभएकोछ? यही योजनाको प्रमुख भागमा सबै थोक ख्रीष्टमा एकत्रित पार्ने परमेश्वरको निरन्तर र अन्तिम योजना हो भन्ने आत्मज्ञानप्रति तपाईं कतिको संवेदनशील हुनुभएको छ?**

## ४. परमेश्वरको महिमा र स्तुतिप्रशंसामा बाँचिरहनु

**"उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ वा उहाँको सम्पत्ति हामीलाई उपलब्ध गराउनुभएको छ, आफ्नो अभिप्रायअनुसार हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ। एफिसी १:११-१२।**

समय बित्दै जाँदा एफिसीका विश्वासीहरू आफूहरू इसाईहरू हौं भन्ने स्पष्ट भावना सेलाएर गएको देखिन्छ। तिनीहरू हताश र निराश भएका थिए

(एफिसी ३:१३)। एफिसी १:३-५मा प्रतिवद्धता जनाएको अनुसार, ती विश्वासीहरू इसाई नै हुन् भन्ने कुरामा बिचलित नहुन पावलले चाहना गर्दछन्। विश्वासीहरू विभिन्न देवीदेवता र आकाशीय शक्तिहरूको जथाभावी विश्वासका शिकार होइन। तिनीहरू परमेश्वरका छोराछोरीहरू हुन् (एफिसी १:५)। तिनीहरू ख्रीष्टद्वारा धेरै आशिषहरूको उपभोग गर्न सक्दछन्। तिनीहरूले उपभोग गर्न पाउने आशिषहरू गहिरो चिन्तन गरेर निकालिएका परमेश्वरका अनन्त निर्णयहरू हुन्। सबै थोकहरू ख्रीष्टमा एकत्रित गर्ने परमेश्वरका वृहत योजना हो (एफिसी १:१०)। त्यसको लागि तिनीहरूको जीवनमा उहाँको लक्ष्य, सरसल्लाह र चाहना (एफिसी १:११) तिनीहरूमा परमेश्वरले अझै काम गरिरहनुहुन्छ। परमेश्वरको सामु नीडर र अटल भएर तिनीहरू उभिन सक्नेहुनुपर्दछ। उहाँले उपलब्ध गराउनुभएका आशिषहरूको प्रभाव तिनीहरूको जीवनले देखाउन सक्नुपर्दछ। तिनीहरूकै जीवनबाट एफिसी १:३-१४को सन्देश घन्किनु आवश्यक छः परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टको पिता धन्य हुन्!

**"सम्पत्ति" वा "उत्तराधिकारी" वा "सबै कुरा" भन्ने अवधारणा देहायका पदहरूलाई तुलना गरेर हेर्नुहोस्। यो अवधारणा पावलको निम्ति किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "११ उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार... १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।...१८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक।" एफिसी १:११,१४,१८।**

कोही मरेपछि उसको सम्पत्ति तपाईंले कहिल्यै पाउनुभएको छ? हुनसक्छ तपाईंको नातेदारले केही अमूल्य थोक वा धेरै पैसा तपाईंलाई छोडेको होला। पावलको दृष्टिकोणमा येशूको मृत्युले इसाईहरूले परमेश्वरबाट सम्पत्ति पाएका छन् (एफिसी १:१४) र तिनीहरू परमेश्वरको "सम्पत्ति" हुन पुगेका छन् (एफिसी १:१८)।

पुरानो करारमा परमेश्वरका जनहरू कहिलेकाहीं परमेश्वरको "सम्पदा" वा "सम्पत्ति" भनेर सम्बोधन गरिएको छ (व्यवस्था ९:२९, व्यवस्था ३२:९, जकरिया २:१२)। विश्वासीहरू परमेश्वरको सम्पदा वा

सम्पत्ति हुन् भन्ने धारणा एफिसी १:१८मा स्पष्ट पारिएको छ र एफिसी १:११मा त्यही अवधारणा अनुवाद गर्न सकिन्छ "उहाँमा हामी सम्पत्ति भएका छौं")। येशूभक्तहरूको पहिचानको मूल तत्व नै तिनीहरू परमेश्वरको निम्ति बहुमूल्य सम्पत्ति हुन् भन्ने धारणालाई हृदयमा राख्न पावलले आफ्नो चाहना व्यक्त गर्दछन्। तिनीहरूले परमेश्वरबाट सम्पत्तिमात्र पाउने होइन (एफिसी १:१४, ३:६, ५:५), तिनीहरू परमेश्वरकै सम्पत्ति हुन्।

**केही थोक पाउन काम गर्ने र पूर्खाको सम्पत्ति वा उपहार पाउनुमा के फरक छ? येशू ख्रीष्टमा हामीले परमेश्वरको सम्पत्ति प्राप्त गरेका छौं भन्ने अवधारणालाई त्यसले कसरी बुझाउन सहयोग गर्दछ?**

## ५. पवित्र आत्माः लालमोहर र बैना

**येशूमा आफ्नो परिवर्तिन जीवनको बारेमा पावलले छोटकरीमा आफ्ना पाठकहरूलाई पावलले एफिसी १:१३,१४मा बताउँछन्। त्यस कथामा के कदमहरू छन्? हेर्नुहोस्, "१३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।**

येशूभक्तहरूका जीवनमा पवित्र आत्माको उल्लेखनीय भूमिका उल्लेख गर्दै पावलले पवित्र आत्माको बारेमा दुई प्रतिकहरू प्रयोग गर्छन्। प्रथमत, उनले पवित्र आत्मालाई "छाप" वा लालमोहर छाप भनेर चित्रण गर्दछन्। जब कोही आफ्नो जीवन येशूलाई समर्पण गरेर उहाँलाई विश्वास गर्छन् तब त्यस समय उसमा पविआत्माको उपस्थित हुन्छन् र त्यो व्यक्ति प्रभुको हो भने छाप लगाइन्छ। पौराणिक समयमा छापको प्रयोग विभिन्न कामको निम्ति प्रयोग गरिन्थ्योः सम्झौता र कानुनलाई आधिकारिता दिन छाप लगाइन्थ्यो, कुनै भाँडोमा केही चिज छ भने त्यसको श्रेष्ठता वा संख्या जनाउन छाप लगाइन्थ्यो (इजिकिएल २८:१२), कारोबारमा साक्षी देखाउन (यर्मिया ३२:१०-१४,४४), सहमती पत्र वा सम्झौताहरू अनुमोदन गर्न (१ राजा २१:८), इच्छापत्र र धर्मपुत्र वा धर्मपुत्री पाल्दा लगाइने कानुनी छाप। जब यो छाप कुनै बस्तुमा लगाइन्छ यसले त्यो छाप कसको हो र त्यस छापले छाप लगाउने व्यक्ति वा बस्तुको सुरक्षाको घोषणा गर्दछ। जब पवित्र आत्मा विश्वासीको जीवनमा

हुन्छ तब त्यो व्यक्ति परमेश्वरको हो भनेर देखाउँछ, साथै परमेश्वरले उसलाई सुरक्षित गर्ने प्रतिज्ञा गर्नुभएको छ भन्ने सन्देश दिन्छ (एफिसी ४:३०)। "पवित्र आत्माको प्रतिज्ञाले तिनीहरूलाई छाप लगाइसकेको हुन्छ" (एफिसी १:१३)।

"जब कसैले आफ्नो जीवन येशूलाई अर्पण गर्छ र उहाँलाई विश्वास गर्छ, तब त्यो व्यक्तिलाई पवित्र आत्माले छाप लगाएको हुन्छ (ग्रीक भाषामा *स्फ्राजिजो sphragizo)* कि त्यो व्यक्ति उद्धारको दिनको लागि सुरक्षित राखिएको हुन्छ। येशूलाई पहिलो पल्ट विश्वास गरिएकै समयमा उहाँका विश्वासीहरूलाई मुक्तिको छाप परमेश्वरको आत्माले लगाइ दिएको हुन्छ। यो कस्तो अचम्मको स्वतन्त्र दिने र आश्वासन दिने सत्य हो!- जिरी मोस्कला, "मिसइन्ट्रप्रेटेड एन्ड टाइम इस्युज्: फाइभ मिथ इन एडेन्टिजम," *जर्नल अभ एडभेन्टिस्ट थियोलोजकिल सोसाइटी* २८, नं १ (२०१७), पृ. ९५।

पवित्र आत्माको बारेमा दोस्रो प्रतिक वा चित्रण उहाँ हाम्रो "बैना" जमानत वा ग्यारेन्टी हुनुहुन्छ। परमेश्वरको राज्यमा हामीले पाउने सम्पत्तिको निम्ति उहाँ जमानत हुनुभएको छ। त्यो सम्पत्ति हामीलाई पूरै दिइनेछ भन्ने क्षणतिर हामी आँखा लगाइरहनुपर्दछ (२ कोरन्थी १:२२, २ कोरन्थी ५:५)।

"जमानत" (*arrabon आराबन)* हिब्रू शब्द हो जुन नयाँ करारको कोइने ग्रीकमा धेरै प्रयोग गरिएको छ। यसले "पहिलो बैना", "पहिलो किस्ता दिनु" वा "धरौती" दिएको भन्ने जनाउँछ। त्यसको अर्थ बाँकि पैसा पछि चुक्ता गर्ने देखाउँछ।

यो पनि याद गर्नुहोस् त्यो बैना वा किस्ता विश्वासीहरूले दिने होइन तर परमेश्वरबाट पाउने हो। विश्वासीहरूको जीवनमा पवित्र आत्माको उपस्थिति हुनु नै परमेश्वरको ढुकुटी हो। जब येशू फर्केर आउनुहुन्छ त्यसबेला मुक्ति र उद्धारको सम्पत्ति पूरै पाउनेछ भनेर देखाउने नै विश्वासीहरूमा पवित्र आत्माको उपस्थिति हुनु हो। यो पहिलो किस्ता हो। हाम्रो काम भनेको त्यसलाई कृतज्ञ भएर पाउनु हो र येशूले हामीलाई के उपलब्धी गराइएको छ त्यसको लागि उहाँलाई हृदयदेखि समर्पण गरेर ग्रहण गर्नुपर्दछ।

## उपसंहार

**थप जानकारीः** के मानिसहरूको भाग्य पहिला नै निर्णय गरिसकेको हुन्छ, कसैले अनन्त जीवन पाउँछ र कसैले अनन्त मृत्यु पाउँछ भनेर पुर्पुरोमा लेखेको हुन्छ भनेर एफिसी १ः३-१४ले सिकाउँदछ र? दुर्भाग्यवस धेरै इसाईहरूले यो विश्वास गर्छन्। तर देहायका धारणाहरूमा ध्यान दिनुहोस्ः

(१) त्यस अंशमा, येशूको भूमिका निर्णायत्मक देखाइएको छ । परमेश्वरले हामीलाई उहाँको सन्तान बनाउने निर्णय येशूद्वारा (एफिसी १ः५) वा "येशूमा" (एफिसी १ः४,११) गर्नुहुन्छ। त्यसको अर्थ येशूलाई रोजेर विश्वास गर्ने सबै जनालाई परमेश्वरले चुन्नुहुन्छ र तिनीहरूले मुक्ति पाउँछ भन्ने निर्णय मानिसहरू जन्मिनुभन्दा भन्दा अनुमोदन गरिसकेको थियो। तर कसले मुक्ति पाउँछ वा कसले पाउदैन भन्ने निर्णय परमेश्वरले गर्ने होइन तर जन्मिने मानिसले गर्ने हो। परमेश्वरले पहिलानै निर्णय गरिसक्नुभएको छ कि जसले विश्वासद्वारा येशूलाई ग्रहण गर्छ र जो उहाँको निष्ठामा रहेर उहाँले चाहेको अनुसार जीवन बिताउँछ उहाँले मुक्ति दिनुहुनेछ।

(२) एफिसी १ः३-१४मा लेखिएको उल्लेखनीय भाषामा मुक्तिको निम्ति परमेश्वरले गर्नुभएको कामको सम्बन्धको बारेमा बताउँछ। परमेश्वर "पिता" हुनुहुन्छ र हामीहरू उहाँका "धर्मसन्तान" हौं (एफिसी १ः३-५)। हामी उहाँको भएपछि हामीले प्रचुरमात्रामा उहाँका आशिषहरू पाउँछौं (एफिसी १ः८)। परमेश्वरको निर्णयको बारेमा लेखिएको भाषा हामीले बुझ्नैपर्छ। त्यहाँ लेखिएको शैलीले कस्तो खालको मानिसले मुक्ति पाउँछ भनेर परमेश्वरले निर्णय भइसको देखाउँछ। परमेश्वर कुनै टाढा रहनुहुने र असंवेदनशील न्यायकर्ता हुनुहुन्न तर आफ्ना सन्तानहरूको ख्याल गर्ने कोमल पिता हुनुहुन्छ (एफिसी ३ः१५)।

(३) परमेश्वरले मानिसको स्वविवेक वा आत्मनिर्णयलाई सम्मान गर्नुहुन्छ भनेर एफिसी १ः३-४मा उल्लेख गरिएको छ । अर्थात् मानिसको सहमती बिना कसैले जबरजस्ती स्वर्गमा हुल्नुहुन्न वा मुक्ति दिनुहुन्न । "सुन्ने" र "विश्वास गर्नेलाई" भन्ने शब्दहरू महत्त्वपूर्ण छन् । पछि पत्रमा (एफिसी २ः८, एफिसी ३ः१७, एफिसी ४ः१-६ः२०मा) विश्वासमात्र गर्ने होइन तर विश्वास अनुसार जीवन यापन गर्ने र निष्ठावान हुनेलाई परमेश्वरले कदर गर्नुहुनेछ भनेर लेखिएको छ।

विश्वासमात्र गर्ने होइन त्यस अनुसार जिउनुपर्छ भनेर नयाँ करारको अन्त पनी लेखिएकोछ, उदाहरणमा १ तिमोथी २:४, प्रेरित १७:२२-३१)। वा एलेन जी ह्वाइटले यसरी व्यक्त गर्दछिन्, "उहाँले आफ्नो पुत्र दिनुभएर अतुलनीय उपहार दिनुभएकोले परमेश्वरले सारा संसारलाई उहाँको अनुग्रहको वातावरणले घेर्नुभएको छ। यो जसरी पृथ्वीलाई हावाले घेरेर चलेको जस्तै वास्तविक सत्य हो। यस जीवन दिने वातावरणको सासमा फेर्न रोज्ने सबै बाँच्ने वा मुक्ति पाउनेछन् र येशू ख्रीष्टको कदमा नर र नारी बढ्नेछन्।" - *स्टेप्स टु क्राइस्ट,* पृ. ६८ ।

**चिन्तनमनन:**

**अ. हामी जन्मिनुभन्दा पहिला नै कसले मुक्ति पाउँछ वा पाउँदैन भनेर परमेश्वरले निर्धारण गर्नुहुन्न भनेर माथिको तर्कहरूले कसरी बुझाउन खोज्छ? अर्थात् कोही मानिस पनि पूर्व जन्म हुँदैन र पूर्व जन्मको फल अनुसार वर्तमान जन्मेको मानिसले मुक्ति पाउने वा नपाउने भन्ने धारणा बाइबलीय होइन भनेर हामीले बुझ्नु आवश्यक छ।**

**आ. येशूमा मुक्तिपाउने वा नपाउने निर्णय आखिरमा कसले गर्दछ?**

**इ. "उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं।" एफिसी १:७। मुक्ति भनेको विश्वासबाटमात्र हो, हाम्रो कुनै धर्मकर्म आदिबाट होइन भनेर त्यस पदले कसरी खुलस्त पारेको छ?**

# कथा २

# कुकुरले बचाउँछ

## सिक्युल मन्टेग्रो



एक दिन २१ वर्षको सेभेन्थ-डे एडभेन्टिस्ट युवक एक जना वृद्ध बाबुको घरमा गएको थियो। त्यो सिक्युलले अपरिचित युवकले उक्त वृद्धलाई बाइबल सिकाउन गएको थियो।

त्यस दिन उनको १६ वर्षको छोरो घरमा थिएन। उक्त युवकले मन्ट्नग्रोसको राजधानी पोडगोरिका (दक्षिण युरोपको बालकन देशमा छापेको बाइबल अध्ययनको) पर्चा बाबुलाई देखायो। यो पर्चा उनको छोरोलाई दिन उक्त युवकले अनुरोध गऱ्यो।

"ऊ एकमात्र मेरो छोरो हो। मेरो जीवनमा ऊ बाहेक अरू कोही पनि छैन। उसको निम्ति म जीवनभर पर्खेर बसेको छु। तिम्रो बारेमा म केही जान्न चाहन्छु। के तिमी बाइबलको शिक्षाबाट अलगिएको झुण्डको सदस्य हौ?" बाबुले सिक्युललाई सोधे।

आफू बाइबलको शिक्षाबाट अलगिएको समूहको सदस्य होइन बरु सेभेन्थ-डे एडभेन्टिस्ट हुँ त्यस बाबुलाई भन्न चाहेको थियो। तर, उसलाई डर पनि लागेको थियो।

"हामी बाइबलको शिक्षाबाट अलगिएको झुण्ड होइनौं। हामी येशूभक्त हौं जसले येशू ख्रीष्ट र पवित्र आत्मालाई विश्वास गर्दछौं। बाइबलले सिकाएको आधारभूत शिक्षा तपाईंको छोरोले जानोस् भनेर सहयोग गर्न चाहन्छु। तपाईंको छोरोले कुनै गलत शिक्षा सिक्नेछैन," सुरो भएर सिक्युलले बतायो।

"मेरो छोरोले कुनै अलग झुण्डमा सामेल भएको म चाहन्न," बाबुले बताए। अनि बाबुले उसलाई यस्तो धम्कि दिएकी उसको हृदय नै थुरथुर कामेको थियो। "यदि कसैले मेरो छोरोलाई गलत बाटोमा लग्यो भने म उसलाई मार्नेछु र मेरो परिवारको सुरक्षा गर्नेछु," उनी रिसले कडा भएर बोले।

यो सन १९९०तिरको कथा हो। त्यसबेला सोभियत युनियनको कब्जामा रहेको युगोस्लाभिया स्वतन्त्र भएको थियो। त्यो देश टुक्रिएर विभिन्न साना साना देशहरूमा विभाजित भएको थियो। त्यसमा बाल्कन क्षेत्रको मोन्टेनग्रो पनि थियो। सिक्युल र अरू एडभेन्टिस्टहरू आफूहरूले पाएका स्वतन्त्रतालाई उपयोग गरी राजधानीमा बाइबल अध्ययन गर्ने पर्चाहरू वितरण गर्न थालेका थिए।

रिसाहसँगको मुठभेड पछि एक हप्तासम्म सिक्युल परमेश्वरसँग दिलोज्यान दिएर प्रार्थना गऱ्यो। आफ्नो कोठामा फर्केपछि उसलाई के हुने हो भनेर त्रसित भएको थियो। उसको डर झन झन बढ्न थालेको थियो। छैठौं दिनमा पनि उसले घुँडा टेकेर परमेश्वरसँग यो दुखेको पोखायो, "प्रभु मलाई असाध्यै डर लागिरहेको छ। मलाई के हुनेछ सो मलाई थाहा छैन। हुन त त्यस बाबुको घरमा नफर्किने एउटैमात्र उपाय मैले देखेको छ। तर यो समाधान नै होइन किनक म फर्किनेछु भनेर उसको छोरोलाई वचन दिएको थिएँ। तपाईंबाट केही विशेष सहयोग माग्दैछु। मलाई सहायता गर्नुहोस्।"

अर्को दिन पनि उसले त्यही प्रार्थना दोहोऱ्याएर बाइबल पाठहरू बितरण गर्न सिक्युल निस्क्यो। जब ऊ एउटा घरबाट निस्केर जाँदै थियो उसले एउटा पार्क भएर जानुपरेको थियो। त्यहाँ छाडा कुकुरहरूको समूहलाई पार भएर जानुपरेको थियो। त्यसबेला सबभन्दा ठुलो कुकुर आफ्नो समूहबाट अलग भएर सिक्युलको पछि लाग्यो।"जाऊ, जाऊ," सिक्युलले कुकुरलाई भन्यो। कुकुर केही कदम पछि हट्यो र उसको पछि फेरि लाग्यो। जब सिक्युल रिसाहा र शङ्कालु बाबुको घरमा गयो तब कुकुर पनि उसको पछि पछि लाग्यो। कुकुरले घरमा पछ्याएको यो पहिलो पल्ट थियो। परमेश्वरले आफूलाई साहस दिएको भनेर सिक्युलले महसुस गऱ्यो।

"त्यो कुकुरदेखि तिमी किन डराएको? तिमीलाई सुरक्षा दिन म स्वर्गदूत पठाउनेछु। यो कुकुर तिम्रो लागि प्रत्यक्ष प्रमाण हो कि म तिमीसित छु। मैले तिमीलाई सुरक्षा गरिरहेको छु भनेर तिमीलाई थाहा छैन," सुरिलो आवाज सिक्युललाई बताइरहेको थियो। त्यो आवाज परमेश्वरको जस्तै थियो। सिक्युलमा साहस आयो।

जब सिक्युल र कुकुर रिसाहा बाबुको घरमा आइपुगे तब कुकुरलाई जाऊ, जाऊ भनेर हप्कायो। कुकुर केही कदम पछाडि हिँड्यो र ढोकाको भरेङ्गमा हेरिरह्यो। सिक्युलले ढोकाको घन्टि बजायो। बाबुले ढोका खोल्यो।

सिक्युललाई देखेपछि उनी असाध्य रिसाएर उसमाथि बज्रियो, "तर तिमी-।" जब उसले कुकुर देखे तब केही कदम पछाडि हटेर शान्त भएर भन्यो, "मेरो छोरोले तिम्रो बाइबल अध्ययन नगर्ने भनेर निर्णय गरेको छ।"

जब सिक्युल त्यस घरबाट गएपछि कुकुर अर्कोतिरबाट फर्क्यो। उसले त्यस कुकुरलाई फेरि कहिल्यै पनि देखेन।

दश वर्ष बित्यो र त्यो छोरो मन्टेनेग्रोको प्रख्यात गाएको बनेको थियो। एक फेरा टेलिभिजनको अन्तर्वार्तामा आफ्नो आस्थाको बारेमा बतायो, "म येशूमाथि अगाढ विश्वास राख्दछु। हाम्रो परम्पराको धर्मभन्दा मैले विश्वास गरेको विश्वासको शिक्षा फरक छ।"

जब सिक्युलले ती शब्दहरू सुन्यो, तब ऊ खुशीले  गडगड भयो। परमेश्वरले ती बाइबलका पाठहरूलाई त्यस छोरोको हृदयमा प्रयोग गर्नुभएको थियो भनेर सिक्युलले महसुस गर्‍यो।

त्यो छोरोलाई पछि के भयो सो सिक्युललाई थाहा भएन। ऊ लोकप्रिय गाएक हुन छोडेको थियो र मन्टेनग्रोबाट सरेको थियो। तर सिक्युललाई एउटा कुरो थाहा छः जसले ससमाचार सुनाउँछ उसलाई परमेश्वरले रक्षा गर्नुहुन्छ।

**-आन्ड्रुमेक्चेस्नी**